जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २९ २०८२ साल भदौं ५ गते बिहीबार (21 Aug 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : नेपाली पर्यटनको कथा टिकटक.. ३ पृष्ठमा : गृह मन्त्रालयद्वारा सङ्घसंस्था ... ३ पृष्ठमादिल्लीकी मुख्यमन्त्रीमाथि ...

## वकिल र पत्रकारबीच जग्गा विवाद आपसी सहमतिमा टुंगियो

**दैनिक समाचारदाता**
**राजविराज, ४ भदौ ।**

नेपाल बार एसोसिएसन जनकपुरधाम र नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिबीच चल्दै आएको जग्गा विवाद आपसी सहमतिमा टुंगिएको छ ।

नेपाल बार एशोसिएशन जनकपुरधामका अध्यक्ष बिमल कुमार मिश्र र नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्यामप्रसाद बञ्जराद्वारा बुधबार जारि संयुक्त प्रेस विज्ञप्ति मार्फत दुबै पक्षबीच सहमति भएको जनाइएको छ ।

सहमति अनुसार जनकपुरधामस्थित गुठी संस्थानबाट लिजमा लिएको जग्गा दुबै संस्थाले आपसी हितमा बाँडफाँट गरी लिजको अधिनमा रही उपयोग गर्ने, तोकिएको क्षेत्रफल बार एसोसिएसनले पार्किङका लागि र बाँकी जग्गा पत्रकार महासंघले आफ्नो बहुउद्देश्यीय कार्यका लागि उपयोग गर्नेछन् ।


नेपाल बार एसोसिएसन र नेपाल पत्रकार महासंघद्वारा गठित उच्चस्तरीय वार्ता समितिको अथक प्रयास र सफल मध्यस्थतापछि ऐतिहासिक मिलापत्रमा हस्ताक्षर भएसँगै विवादले सुखद निकास पाएको विज्ञप्तिमा उल्लेख छ ।

विवादको समयमा भएको घटनाहरु प्रति दुबै पक्षहरु दुखः व्यक्त गर्दै उक्त घटनाका घाइतेहरुको सिघ्र स्वास्थ्यलाभको कामना समेत गरिएको छ । नेपाल पत्रकार महासंघ मधेश प्रदेश र नेपाल बार एशोसिएशन जनकपुरधामका कार्यसमिति तथा मातहतका कार्यसमितिका सदस्यहरु एक अर्का प्रतिको आलोचनात्मक सामाग्रीहरु सामाजिक संजालमा पोस्ट (सम्प्रेषण) नगर्ने प्रतिवद्धता समेत व्यक्त गरिएको जारि विज्ञप्तिमा उल्लेख छ ।

दुबै पक्षविच दुई दिनभित्र एकअर्का विरुद्धका सबै कानुनी कारबाही फिर्ता लिने वा कानून बमोजिम निस्क्रिय बनाउने समेतको महत्वपूर्ण समझदारी भएको विज्ञप्तिमा उल्लेख गर्दै सहमतिले दुई जिम्मेवार पेशागत संस्थाहरुबीचको सम्बन्धमा नयाँ अध्यायको सुरुवात गरेको र भविष्यमा पेशागत मर्यादा, सामाजिक न्याय र लोकतन्त्रको सुदृढीकरणका लागि सहकार्य गर्दै अघि बढ्ने प्रतिवद्धता व्यक्त गरिएको जनाइएको छ ।

दुबै संस्थाद्वारा गठित उच्चस्तरीय वार्ता समितिमा नेपाल बार एसोसिएसनका तर्फबाट केन्द्रीय सचिव अधिवक्ता बाबुराम अर्यालको संयोजकत्वमा गठित समितिमा बरिष्ठ अधिवक्ताहरु चन्द्र कुमार शर्मा मैनाली र श्याम कुमार मिश्र तथा नेपाल पत्रकार महासंघका तर्फबाट केन्द्रीय लेखा समिति संयोजक के. सी. लामिछानेको संयोजकत्वमा गठित समितिमा केन्द्रीय सदस्यहरु राजेश कुमार कर्ण र राजु विश्वकर्मा सदस्य रहेका थिए ।

## वडाअध्यक्ष साहको निधन



**दैनिक समाचारदाता**
**राजविराज, ४ भदौ ।**

राजगढ गाउँपालिकाका वडा नं. ५ का वडा अध्यक्ष देवेन्द्र साहको बुधबार बिहान निधन भएको छ ।

क्यान्सर रोगले पीडित साहको उपचारका क्रममा भरतपुरस्थित क्यान्सर अस्पतालमा निधन भएको गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलले जानकारी दिएका छन् ।

उनी २०७९ सालमा सम्पन्न स्थानीय निर्बाचनमा जसपाबाट उम्मेदवार भई वडाअध्यक्षमा निर्बाचित भएका थिए ।

उनको निधनमा गाउँपालिकाले बुधबार शोक विदा दिइएको छ । निमित्त प्रशासकीय अधिकृत विपिन आचार्यद्वारा बुधबार जारि विज्ञप्तिमा गाउँपालिकाको कार्यालय र मातहत रहेका निकायहरुबाट अति आवश्यक सेवा बाहेकका सम्पूर्ण सेवा बन्द रहने जनाइएको छ ।

"समाजसेवी, इमानदार, निष्पक्ष र जनउत्तरदायी व्यक्तित्वका धनी स्व. वडा अध्यक्षले वडावासी र गाउँपालिकाको विकास, सुशासन र सेवाप्रति जुन समर्पण देखाउनुभएको थियो, त्यसलाई हामी सधैं स्मरण गर्नेछौं । उहाँको असामयिक निधनले गाउँपालिका तथा सम्पूर्ण समुदायलाई अपूरणीय क्षति भएको छ ।" विज्ञप्तिमा उल्लेख छ ।

सोही विज्ञप्तिमा उनको निधनप्रति गाउँपालिका गहिरो दुःख व्यक्त गर्दै आत्माको चीरशान्तिको कामनाका साथै उनी प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिएको छ ।

## अदालतको आदेशको पूर्ण पाठ नआउँदै अध्यक्षविरुद्ध अतिरञ्जित गरिदैछ : जसपा नेपाल




**दैनिक समाचारदाता**
**राजविराज, ४ भदौ ।**

जनता समाजवादी पार्टी (नेपाल) ले गौर घटनाको मुद्दामा सर्वोच्च अदालतको आदेशको पूर्ण पाठ नआउँदै अध्यक्षविरुद्ध अतिरञ्जित गरिएको जनाएको छ ।

जसपा नेपालका प्रवक्ता मनीषकुमार सुमनले बुधबार विज्ञप्ति जारि गर्दै अदालतको आदेशप्रति पूर्ण सहयोग गर्न अध्यक्ष उपेन्द्र यादव तयार रहेको जनाएका छन् ।

आदेशको पूर्ण पाठ नआउँदै सञ्चारमाध्यमले मधेश आन्दोलनलाई कमजोर पार्न र अध्यक्षलाई राजनीतिक प्रतिशोधको निशाना बनाउने दुष्प्रयास गरेको सुमनले आरोप लगाएका छन् ।

२०६३ चैत्र ७ गते रौतहट जिल्लाको गौरमा भएको घटनामा परेको मुद्धामा सर्वोच्च अदालतले दुईदिन अघि (भदौ २) मा छानबिन अघि बढाउन सुरक्षा निकायलाई आदेश दिएको थियो । 'सर्वोच्च अदालतबाट आदेशको पूर्णपाठ वा संक्षिप्त आदेश नै नआउँदै सर्वोच्च अदालतबाट जारी भएको आदेशसँगको मुद्दामा पक्ष वा विपक्षको रुपमा रहँदै नरहेको यो राजनैतिक दल तथा यसका अध्यक्ष ज्यूलाई लक्षित गर्दै सम्प्रेषण भएको समाचार पूर्णरुपमा पूर्वाग्रही, भ्रामक तथा सस्तो लोकप्रियताका लागि नियतवश सम्प्रेषण गरिएको', जसपा नेपालले निकालेको विज्ञप्तिमा उल्लेख छ ।

२०६३ सालको त्यो दुखद घटनाको सम्बन्धमा तत्कालीन सरकारले नै उच्च स्तरीय न्यायिक जाँचबुझ समिति गठन गरी सत्य तथ्य अभिलेखीकरण गरी सकेको, संवैधानिक निकायको रुपमा रहेको राष्ट्रिय मानव अधिकार आयोगका साथै नेपालस्थित संयुक्त राष्ट्र संघीय मिशन (अनमिन) समेतले तत्कालकै अवस्थामा घटना वारदातको सम्बन्धमा आ-आफ्नो तर्फबाट स्वतन्त्र अनुसन्धान गरी सत्य तथ्यसहितको प्रतिवेदनसमेत सार्वजनिक गरी जसपा नेपालले जनाएको छ । राजनीतिक विषयमा राजनीतिक शक्तिहरूबाट नै समाधानको बाटो खोजिनु पर्ने जसपा नेपालको तर्क छ ।

सर्वोच्च अदालतबाट जारी भएको आदेशको विरुद्धमा अदालतलाई लक्षित गरी कुनै प्रकारको क्रियाकलाप वा गतिविधि नगर्न नेता कार्यकर्तालाई जसपा नेपालले अपिल गरेको छ ।

## धान खेतमा युवती मृत फेला

**दैनिक समाचारदाता**
**राजविराज, ४ भदौ ।**

सप्तरीको अग्निसाईर कृष्णसावरण गाउँपालिका २ सितापुरस्थित धान खेतमा एक युवती मृत अवस्थामा फेला परेकी छिन् ।

प्रहरीका अनुसार लक्ष्मी चौधरीको घर तथा खेतबारी काम गर्दै आएकी शम्भुनाथ नगरपालिका ६ बस्ने भेलु चौधरीको ३२ वर्षिया स्छोरी राम कुमारी चौधरी (अबिबाहित) मृत फेला परेकी हुन् ।

उनको मानसिक अवस्था ठिक नभएको मृगी रोग समेत भएको धान खेतमा मृत अवस्थामा फेला परेको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ ।

सो घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## छुरा प्रहारबाट युवकको मृत्यु

**दैनिक समाचारदाता**
**रौतहट, ४ भदौ ।**

रौतहटमा बुधबार दिउँसो एक युवकमाथि छुरा प्रहार गर्दा मृत्यु भएको छ ।

गौर नगरपालिका वडा नं. ५ स्थित गौरीशंकर क्याम्पस नजिक युवकमाथि छुरा प्रहार गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । प्रहरीका अनुसार छुरा प्रहारबाट एक जनाको मृत्यु भएको छ । यद्यपि मृतकको पहिचान खुलेको छैन ।

गौर नगरपालिका वडा नं. ३ का २० वर्षीय युवक सनोज रामले आफ्नै साथीमाथि छुरा प्रहार गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायव उपरीक्षक (डिएसपी) राजु कार्कीले बताए । घटनाबारे प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

**मानव बेचबिखन अपराध हो ।**

❖ मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
❖ मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने,
❖ कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
❖ प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
❖ वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।

त्यस्तो कार्य कहिकतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नेपाली पर्यटनको कथा टिकटकमार्फत संसारलाई सुनाइने

**सिबी अधिकारी**

काठमाडौँ, ४ भदौ (रासस)।

हिमाल, संस्कृति र प्रकृतिले सम्पन्न देश नेपाललाई विश्वले विभिन्न रूपले चिनेको छ। कहिले सगरमाथा र हिमालमार्फत, कहिले बुद्धमार्फत, कहिले संस्कृतिका विविध रङगहरूमार्फत् त कहिले अनुपम प्रकृतिमार्फत्। अब भने नेपालले सामाजिक सञ्जाल 'टिकटक' को उपयोग गर्दै आफ्नो कथा संसारभर सुनाउने भएको छ।

नेपाल पर्यटन बोर्डले नेपालाई विश्वकै उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउने उद्देश्यले टिकटकसँग साझेदारी गरिएको जनाएको छ। यस साझेदारीले नेपालका प्राकृतिक दृश्य, सांस्कृतिक सम्पदा, पर्व-उत्सव, खानपान र साहसिक अनुभवलाई विश्वका करोडौं डिजिटल दर्शकमाझ पुऱ्याउने लक्ष्य लिइएको छ।

यहाँ यहाँ आयोजित साझेदारीपत्र आदानप्रदान कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले नेपाल पर्यटन बोर्ड र टिकटकबीचको यो सम्झौता केवल प्रचारप्रसारको काम मात्र नभई नेपाललाई नयाँ पुस्तासम्म पुऱ्याउने अभियान भएको बताउनुभयो। आजका युवाले भ्रमणको निर्णय गर्नुअघि वास्तविक कथा र अनुभव खोज्न चाहने भन्दै उहाँले टिकटकमार्फत उनीहरूसम्म नेपालका अद्वितीय पर्यटकीय गन्तव्यका कथा सुनाउने र देखाउने अवसरको उपयोग हुने विश्वास व्यक्त गर्नुभयो।

मन्त्री पाण्डेले पर्यटनलाई नेपालको समग्र आर्थिक विकासको मेरुदण्डका रूपमा उल्लेख गर्दै यस सहकार्यमार्फत ग्रामीण समुदाय, साना व्यवसायी र स्थानीय पथप्रदर्शकलाई प्रत्यक्ष फाइदा पुग्ने बताउनुभयो। "हामीले सधैँ नेपाललाई हिमाल र अध्यात्मको देशका रूपमा चिनाइरहेका छौँ। हाल समय बदलिएको छ। डिजिटल प्लेटफर्ममा देखिने कथा नै विश्वयात्रुका लागि पहिलो प्रेरणा बन्न थालेका छन्। त्यसैले टिकटकसँगको सहकार्यले नेपाललाई डिजिटल पुस्तासम्म पुऱ्याउने बाटो खोलिदिएको छ।"

पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले नेपालको सौन्दर्य र आत्माको कथा संसारभर पुऱ्याउन महत्त्वपूर्ण समझदारी भएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "हाम्रो लामो प्रयासलाई अब टिकटकको विश्वव्यापी पहुँचले थप बल दिनेछ। यो सहकार्यले केवल बाहिरी पर्यटकलाई आकर्षित गर्ने मात्र नभइ स्वदेशमा रहेका युवालाई पनि आफ्नो संस्कृति, पर्व र अनुभवलाई नयाँ ढङगले अभिव्यक्त गर्ने अवसर दिनेछ।"

सिइओ जोशीका अनुसार बोर्डले अन्तर्राष्ट्रियस्तरका 'ट्राभल कन्टेन्ट क्रिएटर'लाई नेपालमा आमन्त्रित गर्नेछ र उनीहरूलाई हिमाल, ताल, मठ-मन्दिरदेखि 'होमस्टे'सम्म पुऱ्याएर प्रचारप्रसार गरिने योजना सुनाउनुभयो।

साझेदारीअन्तर्गत टिकटकले नेपालमै डिजिटल प्लेटफर्ममार्फत कथा सुनाउने विषयमा कार्यशाला गर्नेछ। जसमा नेपाली 'कन्टेन्ट क्रिएटर'लाई दर्शक विस्तार, ब्रान्ड सहकार्य र विश्वस्तरीय प्रस्तुतीकरणबारे तालिम दिइनेछ।

कार्यक्रममा टिकटकका दक्षिण एसिया सार्वजनिक नीति प्रमुख फर्दोस मत्ताकिनले टिकटकमार्फत् हरेक दिन करोडौं मानिसले नयाँ गन्तव्य र अनुभव खोजी गर्ने भएकाले नेपालको पर्यटन प्रवर्द्धनमा यस सहकार्यले योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो। "टिकटकमा हरेक दिन करोडौं मानिस नयाँ गन्तव्य र अनुभव खोज्छन्। नेपालजस्तो हिमाल, अध्यात्मक, विविध संस्कृतिले भरिपूर्ण देशलाई छोटा भिडियोमार्फत संसारभर पुऱ्याउन पाउनु हाम्रो लागि पनि गर्वको विषय हो। सहकार्यले नेपाललाई विश्वका पर्यटकको 'बकेटलिस्ट' मा थप बलियो गरी स्थापित गर्नेछ", उहाँले भन्नुभयो।

मत्ताकिनले यस अभियानअन्तर्गत 'लाइफटाइम एक्पिरियन्स' ह्यासट्यागमा विशेष 'इन-एप प्लेटफर्म' बनाइने जानकारी दिनुभयो। उहाँले अगाडि भन्नुभयो, "हिमालयदेखि तराईका नदी, उत्सवदेखि खानपान र साङगीतिक परम्परा सबैलाई छोटा भिडियोमा उतारेर विश्वभर देखाइनेछ।"

समझदारीमा सन् २०२५ को बाँकी अवधिभर यो अभियान चरणबद्ध रूपमा सञ्चालन गरिने उल्लेख छ। यसबीचमा काठमाडौँमा 'भिजिट नेपाल' कार्यक्रम आयोजना हुनेछ र जसमा अन्तरराष्ट्रिय 'कन्टेन्ट क्रिएटर', सांस्कृतिक दूत र पर्यटन व्यवसायीको सहभागिता रहनेछ।

नेपाल पर्यटन बोर्ड र टिकटकको यो समझदारीले नेपाललाई नयाँ पुस्ता, नयाँ बजार र नयाँ विश्व पर्यटन सन्दर्भमा 'डिजिटल पुल' को काम गर्ने विश्वास गरिएको छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# 'खानेपानी, जलस्रोत तथा सिँचाइका क्षेत्रमा वैज्ञानिक प्रणाली अपनाइने'

काठमाडौँ, ४ भदौ (रासस)।

खानेपानीमन्त्री प्रदीप यादवले खानेपानी, जलस्रोत तथा सिँचाइका क्षेत्रमा दिगो र वैज्ञानिक प्रणाली अपनाउनु वर्तमान आवश्यकता भएको बताउनुभएको छ।

बुधबार नेपाल हाइड्रोजियोलोजिकल एसोसियशनद्वारा यहाँ आयोजित 'प्रथम नेपाल जलभूगर्भ सम्मेलन' को उद्घाटन कार्यक्रममा उहाँले कृषिमा भूमिगत सिँचाइको दिगो प्रयोगका लागि अध्ययन, अनुसन्धान वैज्ञानिक तथ्यमा आधारित भएर गर्नुपर्नेमा जोड दिनुभयो।

मन्त्री यादवले भन्नुभयो, "राष्ट्को समृद्धिका लागि भूमिगत जलको उपयोग, दिगो व्यवस्थापन, भूमिगत जलको प्रदूषणबाट सिर्जित विपद् न्यूनीकरण, वातावरण विनाश, जलवायु परिवर्तन तथा यसका असरहरू न्यूनीकरणका विषयमा केन्द्रि• त रही महत्त्वपूर्ण छलफल गरी प्रभावकारी योजना बनाउनु जरुरी छ।"

नागरिकको पहिलो आवश्यकता खानेपानीको सहज आपूर्तिसँगै मुलुकको आर्थिक समृद्धिको मूल आधार मानिने भएकाले सोहीअनुसार काम अगाडि बढाउन आवश्यक रहेको मन्त्री यादवको भनाइ छ। उहाँले जलस्रोतको उपयोग, व्यवस्थापन र संरक्षणका सन्दर्भमा वैज्ञानिक दृष्टिकोण अपनाउनुपर्नेमा जोड दिनुभयो।

जलवायु परिवर्तनका गहिरिँदै गएका प्रभावहरू र अनियन्त्रित जनसङ्ख्या वृद्धिका कारण सतहमा रहेका जलस्रोतमा अत्यधिक चाप परेकाले यसको प्रत्यक्ष असर भूमिगत जलस्रोतको तीव्र दोहनका रूपमा देखिएको उहाँले उल्लेख गर्नुभयो। यसले दीर्घकालीन रूपमा गम्भीर समस्या उत्पन्न गर्नसक्नेतर्फ सबै सचेत हुनुपर्ने उहाँको भनाइ छ।

मन्त्री यादवले नेपालका तराई क्षेत्रका लाखौं नागरिकको जीवनमा भूमिगत जलको प्रत्यक्ष प्रभाव रहेको जनाउँदै यसको संरक्षणमा सबैले सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिनुभयो। "हामी प्रायः हिमालबाट बग्ने नदीनाला, तालतलैया र झरनाहरूको चर्चा गर्छौं तर हाम्रो समृद्धिको एउटा ठूलो हिस्सा जमिनमुनि लुकेको भूमिगत जल हो", उहाँले भन्नुभयो, "यो अदृश्य तर अमूल्य स्रोत हो, जुन कृषि, उद्योग र दैनिक जीवनका लागि अनिवार्य बनिसकेको छ।"

मन्त्री यादवले यस सम्मेलनबाट प्राप्त हुने सुझाव तथा निष्कर्षहरू सङ्घीय र प्रदेश सरकारलाई उपलब्ध गराउनुपर्ने बताउँदै यसले खानेपानीको अभावले सङ्कटमा परेका क्षेत्रहरूको दीर्घकालीन समस्या समाधानमा योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "खानेपानीको दिगो समाधान र समग्र विकासमा योगदान पुग्ने उद्देश्यले आयोजित यस सम्मेलनको पूर्ण सफलता र महत्त्वपूर्ण निष्कर्षहरू प्राप्त होउन् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।"

खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक इञ्जिनियर रामकुमार श्रेष्ठले जलवायु परिवर्तनका कारण तराईमा चापाकल सुकेकाले खानेपानीको समस्याबाट पीडित भएका बताउनुभयो। मन्त्रालय र विभागले सहन्वय गरी तराई क्षेत्रमा तत्काल राहत दिनुका साथै दीर्घकालीन समाधानका लागि योजनाबद्ध काम गरिरहेको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "हामी अहिले देखिएका समस्या समाधानका लागि तत्काल राहत दिन प्रतिबद्ध छौँ र दिइरहेका छौँ। दीर्घकालीन रूपमा देशभर पानीको सन्तुलित वितरण र उपयोगका लागि ठोस नीति निर्माण र वैज्ञानिक अध्ययन आवश्यक छ।"

जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक मित्र बरालले भूमिगत जलस्रोतको संरक्षण, दीर्घकालीन उपयोग र जल सङ्कट समाधानको मार्गमा यस्ता सम्मेलनहरू महत्त्वपूर्ण मञ्च बन्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "सम्बन्धित मन्त्रालय, विज्ञ र नीति निर्माता मिलेर वैज्ञानिक अनुसन्धानमा आधारित योजना अघि बढाए मात्र खानेपानीको दीर्घकालीन समाधान सम्भव देखिन्छ।"

उक्त कार्यक्रममा नेपालका साथै विदेशबाट जल व्यवस्थापनसँग सम्बन्धित ख्याति प्राप्त विज्ञ, नेपाल सरकारका विभिन्न निकायका प्रतिनिधि, त्रिभुवन विश्वविद्यालय, गैरसरकारी संस्था तथा सरोकार भएका संस्थाका प्रतिनिधिसहित करिब एक सय ५० भू-वैज्ञानिक, भूमिगत जल विज्ञ, इञ्जिनियर, वातावरण विज्ञलगायतको सहभागिता छ।

# अपाङ्गता अधिकारलाई व्यवहारिक रूपमै कार्यान्वयन गर्ने पहल गर्छु : मन्त्री सुडी

काठमाडौँ, ४ भदौ (रासस)।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर शाह सुडीले राज्यको नीति निर्माण तहमा अपाङ्गता भएका व्यक्तिको अर्थपूर्ण सहभागिताको लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गनुभएको छ।

बहिरा-दृष्टिविहीन अभिभावक समाजले उहाँ आयोजना गरेको अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी छलफल कार्यक्रममा उहाँले नीति निर्माणमा सहभागिताको अधिकारलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न 'अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४' को व्यहारिक रूपमा प्रभावकारी कार्यान्वयन गर्ने बताउनुभयो।

ऐनमा 'अपाङ्गता भएका व्यक्तिलाई असर पार्ने प्रकृतिका महत्त्वपूर्ण नीति निर्माण प्रक्रियामा अपाङ्गता भएका व्यक्ति स्वयं वा निजसँग सम्बन्धित सङ्घ, संस्थामार्फत सहभागी हुने अधिकार हुनेछ' भनिएको छ। अपाङ्गता भएका व्यक्तिलाई अन्य व्यक्तिसरह समान आधारमा भयमुक्त वातावरणमा निर्वाचनमा उम्मेदवार हुने र स्वेच्छिक रूपमा कसैको सहयोग लिई वा नलिई मतदान गर्ने अधिकारलाई पनि कार्यान्वयन गर्ने मन्त्री सुडीको भनाइ छ। सो ऐनमा 'नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई मतदानको प्रक्रिया, सुविधा र सामग्रीलाई पहुँचयुक्त तथा बुझ्न र प्रयोग गर्नसक्ने गरी उपयुक्त व्यवस्था मिलाउनेछ' पनि भनिएको छ।

त्यसैगरी कानुनमा नीति निर्माण प्रक्रियामा सहभागी हुँदा अपाङ्गता भएका व्यक्तिले व्यक्त गरेको विचारलाई सान्दर्भिकताको आधारमा उचित स्थान दिइने पनि भनिएको छ। अपाङ्गता भएका व्यक्तिहरूले पनि अपाङ्गता भएका व्यक्तिसम्बन्धी ऐनको व्यवहारिक रूपमा कार्यान्वयन हुनुपर्ने माग गर्दै आएका छन्। सरकारले २०७४ सालमा अपाङ्गता भएका व्यक्तिविरुद्ध हुने भेदभाव अन्त्य गरी उनीहरूको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तीकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवनयापनको वातावरण सुनिश्चित गर्ने सम्बन्धमा अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएको जनाउँदै अपाङ्गता भएका व्यक्तिसम्बन्धी ऐन ल्याएको थियो।

समाजका अध्यक्ष ल्याक्पा नुरु शेर्माले ऐनमा अपाङ्गता भएका व्यक्तिलाई शैक्षिक संस्था, आवास, कार्यस्थल, भवन, सडक, यातायात, विद्युतीय सञ्चार सेवालगायत सर्वसाधारणलाई खुला भएका वा प्रदान गरिएका अन्य सेवा तथा सुविधामा सहज पहुँचको अधिकार हुने व्यवस्था भए पनि व्यवहारिक रूपमा कार्यान्वयन हुन नसकेको भन्दै गुनासो गर्नुभयो।

सन् २००५ मा स्थापना भएको समाजले स्थापनाकालदेखि नै यस समाजले श्रवणदृष्टिविहीन भएका व्यक्तिहरूलाई खोजी सङ्कलन गर्ने, पहिचान गर्ने र तिनीहरूलाई आवश्यक दैनिक जीवनयापनसम्बन्धी तालिम दिने कार्य एवं श्रवणदृष्टिविहीन व्यक्तिहरूको हक र अधिकारका लागि सरकारी तथा गैरसरकारीसँग सहकार्य एवं पैरवी गर्दै आएको छ।

# गृह मन्त्रालयद्वारा सङ्घसंस्था दर्ता, नियमन तथा व्यवस्थापनसम्बन्धी विधेयक रायका लागि सार्वजनिक

काठमाडौं, ४ भदौ (रासस)।

गृह मन्त्रालयले सङ्घसंस्था दर्ता, नियमन तथा व्यवस्थापनसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक सम्बन्धित सरोकारवाला सबै र सर्वसाधारणको रायको लागि ढाँचासहित सार्वजनिक गरेको छ।

नेपालको सामाजिक सेवा तथा विकासको क्षेत्रमा क्रियाशील संस्थाको भूमिकालाई सामाजिक विकासको प्रक्रियामा मूलप्रवाहीकरण गरी संस्थागत सङ्गठन, विकास र कार्य सञ्चालनको मामिलामा सुशासनको स्थिति कायम राख्नका लागि तथा संस्थालाई पारदर्शी, जवाफदेही, उत्तरदायी र जिम्मेवार बनाउन संस्थाहरूको व्यवस्थापन समेत गर्न सङ्घसंस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न नयाँ ऐन निर्माण गर्न आवश्यक देखिएकाले विधेयक अघि बढाइएको गृह मन्त्रालयले जनाएको छ।

गृहमन्त्री रमेश लेखकले मन्त्रालयको नेतृत्व सम्हालेपछि मन्त्रालयको कानुनी र नीतिगत सुधारलाई प्राथमिकतामा राखेर विभिन्न विधेयक अघि बढाउँदै आउनुभएको छ। सोही क्रममा मंगलबार विधेयकका ढाँचासहित राय सुझावका लागि १५ दिनको समयावधि राखेर सो विधेयक सार्वजनिक गरिएको गृह मन्त्रालयले जनाएको छ।

संविधानको धारा १७ को उपधारा (२) को खण्ड (घ) मा सङ्घसंस्था खोल्ने स्वतन्त्रता रहेको छ। धारा ५० को उपधारा (३) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने व्यवस्था तथा धारा ५६ मा राज्यको संरचनामा सङ्घीय लोकतान्त्रिक नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरिएको गृह मन्त्रालय कानुन महाशाखाका प्रमुख सहसचिव भरतमणि रिजालले बताउनुभयो।

महाशाखा प्रमुख रिजालका अनुसार विधेयकमा संस्थाहरूको पारदर्शिता, नियमन, अनुगमन र लेखापरीक्षण व्यवस्थापन, संस्थामा रहने पदाधिकारी व्यवस्थापन र स्रोत परिचालनको पारदर्शितासहितका विषय समेटिएका छन्।

मन्त्रालयले ७७ वटै जिल्ला, सात वटै प्रदेश, सवैधानिक निकाय, राष्ट्रिय योजना आयोग, नगरपालिका र गाउँपालिका महासङ्घलगायतलाई निकायमा ढाँचा राय/परामर्शका लागि पठाएको जनाएको छ।

"राय/परामर्शसहित पछि सहमतिका लागि अर्थ मन्त्रालय पठाउँछौँ", उहाँले भन्नुभयो, "आगामी फागुनसम्म सङ्घीय संसदमा पेस गर्ने समयावधि रहेको छ।"

प्रस्तुत विधेयकको मस्यौदाउपर विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभावका सम्बन्धमा सम्बन्धित सरोकारवाला सबै र सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हो।

दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने कार्यमा विधेयकको कार्यान्वयनपश्चात् थप प्रभावकारिता अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

साथै सङ्घसंस्थाहरू स्थानीय तहका स्थानीय तहकमा जिल्लागत जिल्ला तह, हुँदै प्रदेशस्तरका प्रदेश तह र देशभर क्षेत्र हुनेगरी सङ्घीय पञ्जीकरण अधिकारीमो दर्ता गर्न सकिनुका साथै पञ्जीकरण अधिकारीले नै नियमन गर्ने गरी व्यवस्था गरिएको छ। यसबाट दर्ता सहजीकरण, प्रभावकारी हुनु गई कार्यसञ्चालन थप व्यवस्थित हुने र एकीकृत अभिलेख राख्ने गरी व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ।

"हाल विद्यमान संस्था दर्ता ऐन, २०३४ मा मूलतः संस्था दर्तालाई मात्र प्राथमिकतामा राखिएको तथा राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिमका प्रबन्धहरू समेत एकीकृत ऐनबाट कार्यान्वयन हुन जानेछन्," रिजालले भन्नुभयो, "संस्थाको व्यवस्थापन, अनुगमन, नियमन र कानुनविपरीतका क्रियाकलाप गरेको अवस्थामा सजायको प्रावधान समेतमा समसामयिक परिमार्जन गर्न खोजिएको छ।" उहाँका अनुसार कानुन निर्माण भएसँगै समाज कल्याणको क्षेत्र थप प्रभावकारी हुनुका साथै एकरूपता कायम हुनेछ।

सङ्घ संस्था दर्ता, नियमन र व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका स्पष्ट हुने हुँदा व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि हुन गई यसबाट सामाजिक र विकासका क्रियाकलापमा सङ्घ संस्थाको भूमिका व्यवस्थित, पारदर्शी, उत्तरदायी र प्रभावकारी हुन गई सुशासन प्रवर्द्धन गर्नमा मद्दत पुग्ने उहाँको भनाइ छ।

"विधेयकमा विशेषगरी मुलुक सङ्घीय शासन प्रणालीमा प्रवेश गरेपश्चात् सङ्घसंस्था दर्ता, नियमन र व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका निर्क्योल गरी सङ्घसंस्थाको व्यवस्थापनमा थप प्रभावकारिता अभिवृद्धि गर्नु रहेको छ", रिजालले भन्नुभयो, "सङ्घसंस्थाको दर्ता, नियमन तथा व्यवस्थापन गर्नेसम्बन्धी प्रचलित कानुनहरू राष्ट्रिय निर्देशन ऐन, २०१८, संस्था दर्ता ऐन, २०३४ र समाज कल्याण परिषद् ऐन, २०४९ का व्यवस्थालाई समेटी तथा समसामयिक थप व्यवस्थाहरूलाई समेत राखेर प्रस्तुत विधेयक तयार गरिएको मन्त्रालयले छ।"

# ज्येष्ठ नागरिकसम्बन्धी ऐन प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड

काठमाडौं, ४ भदौ (रासस)।

राष्ट्रियसभाका सांसदहरूले 'ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३' को व्यावहारिक रूपमा कार्यान्वन गर्नुपर्नेमा जोड दिनुभएको छ।

राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको बुधबारको बैठकमा 'ज्येष्ठ नागरिकको जीवन सुरक्षित, गुणस्तरयुक्त र सम्मानित बनाउन थप विशेष व्यवस्था गर्नुपर्ने भन्ने विषयको जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव कार्यान्वयन'सम्बन्धी छलफलमा सांसदहरूले ऐनमा ज्येष्ठ नागरिकका लागि स्वास्थ्योपचारमा ५० प्रतिशत छुट भनिए पनि व्यावहारिक रूपमा कार्यान्वयन हुन नसकेको बताउनुभयो।

सांसद सुमित्रा बिसीले भन्नुभयो, "ज्येष्ठ नागरिकको नागरिकता नहुँदा वृद्धाश्रममा बस्न पनि समस्या भएको छ, कतिपयले वृद्धाभत्ता पनि पाउनुभएको छैन, यो समस्या समाधानका लागि सरकारले पहल गर्नुपर्छ।"

सांसद मदनकुमारी शाह (गरिमा)ले प्रत्येक अस्पतालमा ज्येष्ठ नागरिकका लागि छुट्टै शय्याको व्यवस्था हुनुपर्ने माग गर्नुभयो। कानुनमा ज्येष्ठ नागरिकलाई सार्वजनिक यातायातमा ५० प्रतिशत छुटको व्यवस्था गरिए पनि पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

कानुनमा सार्वजनिक सवारीसाधनमा सम्बन्धित सवारीधनी वा सञ्चालकले ज्येष्ठ नागरिकका लागि कम्तीमा दुईवटा सिट सुरक्षित राख्नुपर्छ र यात्रु भाडादरमा कम्तीमा ५० प्रतिशत छुट दिनुपर्ने व्यवस्था गरिएको छ। सांसद रेनु चन्दले ज्येष्ठ नागरिकमैत्री भौतिक संरचना बनाउनुपर्नेमा जोड दिनुभयो।

***बाँकी अन्तिम पृष्ठमा***


## राजविराज नगरपालिका

### ३ नं.वडा कार्यालय

राजविराज,सप्तरी

मधेश प्रदेश,नेपाल

पत्र संख्या: २०८२/०८३

चलानी नं: ६४

मिति २०८२।०५।०४

विषय : सूचना सूचना सूचना

३ नं वडा कार्यालय रा.बि.न.पा. बाट जारी भएको सूचना

जिल्ला सप्तरी, राजविराज नगरपालिका साविक वाडा नं ३ हाल वडा नं ४ बस्ने विजय कुमार चौधरीले तपसिलका जग्गा नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०८२।०५।० मा द.न. को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराईन्छ।

तपसिल

जि.स.रा.बि.न.पा. वडा नं ४ हाल ३ बस्ने स्व श्रीमती कौशिल्या देवी कैथल वैश्य नाउँ दर्ताको जग्गा

| जिल्ला | गा.वि.स । न.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | प्रश्वनी | ५ क | १८ | ०-४-१८ |
| सप्तरी | राजविराज | ४ | ५५६ | ०-०-१२ १/२ |
| " | " | ४ | १२५७ | ०-०-४ |
| " | " | ५ क | ३१५५ | ०-०-१० ३/४ |

अनिल कुमार दास

वडा अध्यक्ष

अनिल कुमार दास

वडा अध्यक्ष

रा.वि.न.पा. वडा नं. ३


# विश्व समाचार

## दिल्लीकी मुख्यमन्त्रीमाथि आक्रमण, एक जना पक्राउ

नयाँदिल्ली, ४ भदौ (रासस/सिन्ह्वा)।

दिल्ली प्रहरीले बुधबार बिहान दिल्लीकी मुख्यमन्त्री रेखा गुप्तामाथि सार्वजनिक गुनासो सुन्दै गर्दा शारीरिक दुर्व्यवहार गरेको आरोपमा ४१ वर्षीय एक व्यक्तिलाई पक्राउ गरेको छ।

उक्त व्यक्तिको पहिचान पश्चिमी राज्य गुजरातका राजेश खिमजीका रूपमा भएको छ। दिल्ली प्रहरीले हाल उनलाई आक्रमणको कारणबारे सोधपुछ गरिरहेको छ।

दिल्ली प्रहरीका एक अधिकारीका अनुसार, आक्रमणकारीले मुख्यमन्त्रीलाई थप्पड हाने र त्यसपछि उहाँको हात र कपाल समाते। "आक्रमणका क्रममा मुख्यमन्त्रीलाई हल्का चोट लागेको छ। उहाँको टाउकोमा सानो चोट लागेको छ र हाल चिकित्सकीय परीक्षण भइरहेको छ", ती अधिकारीले।

प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै हिन्दुस्तान टाइम्सको अनलाइन रिपोर्टअनुसार मुख्यमन्त्रीले नागरिकहरूसँग कुरा गर्दै र उनीहरूको गुनासो सुन्दै गर्दा एक व्यक्ति अचानक अगाडि आए। उनले कागजको टुक्रा दिए, चर्को स्वरमा बोल्न थाले, अपशब्द प्रयोग गरे र त्यसपछि थप्पड हाने।

यसैबीच, गुजरातका मिडिया रिपोर्टहरूका अनुसार आक्रमणकारीकी आमाले आफ्नो छोरा 'कुकुरप्रेमी' भएको बताएकी छन्। उनका अनुसार, दिल्ली र आसपासका क्षेत्रमा बेवारिसे कुकुर हटाउने विषयमा हालैको विवादका कारण देशका विभिन्न भागमा शृङ्खलाबद्ध विरोध प्रदर्शन भइरहेका छन्, जसबाट उनका छोरा विचलित भएका थिए।

एक दिनअघि मात्रै दिल्लीकी मुख्यमन्त्रीले सम्बन्धित सबै अधिकारीलाई कुकुरप्रेमीहरूको भावनामा चोट पुऱ्याउने वा कुकुरलाई हानि पुऱ्याउने कुनै पनि कडा कदम नचलाउन कडा निर्देशन जारी गर्नुभएको थियो।

पार्टी सीमाभन्दा माथि उठेर राजनीतिक नेताहरूले महिला नेतामाथि भएको आक्रमणको निन्दा गरेका छन्।

रेखा गुप्ता सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) की नेत्री हुनुहुन्छ। उहाँले यस वर्ष फेब्रुअरीमा मुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्नुभएको थियो।

## युक्रेनको रक्षा गर्न अमेरिकी सेना नपठाउने : ट्रम्प

वासिङ्टन, ४ भदौ (रासस/एपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार युक्रेनलाई रुसबाट जोगाउन अमेरिकी सेना नपठाउने आश्वासन दिनुभएको छ। यद्यपि उहाँले एक दिनअघि यस्तो सम्भावनालाई खुला छाड्नुभएको थियो। टिभी अन्तर्वार्तामा ट्रम्पले युक्रेनको नाटोमा प्रवेश गर्ने र रुसबाट क्रिमिया प्रायद्वीप फिर्ता पाउने आशा 'असम्भव' भएको बताउनुभयो।

रिपब्लिकन राष्ट्रपति ट्रम्प, युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्की र अन्य युरोपेली नेताले सोमबार ह्वाइट हाउसमा रूस-युक्रेन युद्ध अन्त्य गर्ने उद्देश्यले लामो वार्ता गर्नुभएको थियो। पत्रकारको प्रश्नमा ट्रम्पले जेलेन्स्कीले माग्नुभएको सुरक्षा ग्यारेन्टी अन्तर्गत अमेरिकी सेना पठाउने कुरा भने अस्वीकार गर्नुभएन।

गत हप्ता अलास्कामा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको भेटपछि ट्रम्पले युक्रेनका लागि सुरक्षा ग्यारेन्टीबारे पुटिन खुला भएको बताउनुभएको थियो। तर मङ्गलबार फक्स न्युजको 'फक्स एन्ड फ्रेन्ड्स' कार्यक्रममा उहाँले अमेरिकी सेना युक्रेनको सिमाना रक्षा गर्न नजाने प्रष्ट पार्दै भन्नुभयो, "तपाईंलाई मेरो आश्वासन छ, र म राष्ट्रपति हुँ।"

सन् २०२९ जनवरीमा आफ्नो कार्यकाल समाप्त भएपछि ट्रम्पको अमेरिकी सेनामाथि कुनै नियन्त्रण हुनेछैन। ह्वाइट हाउसकी प्रेस सचिव क्यारोलिन लेभिटले पनि पुष्टि गर्दै भन्नुभयो, "कुनै पनि शान्ति मिसन अन्तर्गत अमेरिकी सेना जमिनमा रहने छैन।"

ट्रम्पले अन्तर्वार्तामा रूसी आक्रमण अन्त्य गर्न सम्भावित सम्झौतामा पुग्ने आशा व्यक्त गर्नुभयो। तर उहाँले युक्रेनले क्रिमिया फिर्ता पाउने वा नाटोमा सामेल हुने आकांक्षा अलग राख्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "यी दुवै कुरा असम्भव छन्।"

पुटिनले डोनेट्स्क र लुहान्स्क क्षेत्रबाट युक्रेनी सेना फिर्ता लैजाने र क्रिमियालाई रूसी क्षेत्रका रूपमा मान्यता दिन दबाब दिइरहनुभएको छ। सोमबार ट्रम्पले पुटिन र जेलेन्स्कीबीच प्रत्यक्ष वार्ता गर्ने व्यवस्था गरिरहेको बताउनुभएको थियो।

तर पुटिन युक्रेनी नेतासँग प्रत्यक्ष भेट्न इच्छुक हुनुहुन्छ कि हुनुहुन्न भन्नेबारे क्रेमलिनले अझै केही खुलाएको छैन। पत्रकारको प्रश्नमा लेभिटले भन्नुभयो, "पुटिनले भेट्ने वाचा गरिसक्नुभएको छ।"

जेलेन्स्की, पुटिन र आफूबीच त्रिपक्षीय वार्ताको दबाब दिइरहेको बताउँदै ट्रम्पले भन्नुभयो, "आवश्यक परेमा त्रिपक्षीय बैठक हुनेछ तर पहिले पुटिन-जेलेन्स्की आमनेसामने हुनुहुनेछ।"

पुटिनका विदेश सल्लाहकार युरी उशाकोभले युक्रेनसँग द्विपक्षीय वा त्रिपक्षीय बैठकबारे सहमति भएको कुनै सङ्केत दिनुभएन। आगामी दुई हप्तामा पुटिनको निर्णय स्पष्ट हुने विश्वास व्यक्त गर्दै ट्रम्पले भन्नुभयो, "मलाई लाग्छ पुटिन यस युद्धबाट थकित हुनुहुन्छ, सबै थकित छन्। तर के हुन्छ भन्ने दुई हप्ताभित्रै पत्ता लाग्छ।"

# बजेट अपुग हुने भएपछि 'स्यालो ट्युबवेल' वितरण कार्यक्रम स्थगित

धनुषा, ४ भदौ (रासस)।

'सुक्खा क्षेत्र सहयोग कार्यक्रम' मार्फत मधेस प्रदेश सरकारअन्तर्गत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले किसानलाई वितरण गर्ने भनिएको स्यालो ट्युबवेलका लागि बजेट अपुग हुने भएपछि हालका लागि कार्यक्रम स्थगित गरिएको छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले रु १८ करोड बजेट विनियोजन गरी एक हजार २०० स्यालो ट्युबवेल वितरण गर्ने योजना बनाएर आवेदन माग गरेको थियो। तर सो ट्युबवेलका लागि २४ हजार ७७४ किसानले आवेदन दिए।

मन्त्रालयले सातदिने सूचना प्रकाशित गरी ट्युबवेल प्राप्त गर्न चाहने किसानले कम्तीमा दुई बिघा खेतीयोग्य जमिनको प्रमाणित लालपुर्जा कृषि ज्ञान केन्द्रमा बुझाउनुपर्ने प्रावधान राखेको थियो

किसानको अत्यधिक आवेदन परेपछि बजेट अपुग हुने देखिएकाले कार्यक्रम नै स्थगित गरिएको जनाइएको छ। स्यालो ट्युबवेलका लागि सबैभन्दा बढी धनुषाका चार हजार ६४५ किसानले आवेदन दिएका छन्।

त्यसैगरी, रौतहटबाट तीन हजार ९२२, सप्तरीबाट तीन हजार ८१, पर्साबाट तीन हजार ४४, सिरहाबाट दुई हजार ७४४, बाराबाट दुई हजार ३९१, महोत्तरीबाट दुई हजार ५८५ र सर्लाहीबाट दुई हजार ३६२ गरी जम्मा २४ हजार ७७४ जनाले सम्बन्धित कृषि ज्ञान केन्द्रमा आवेदन दिएका छन्।

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका कृषि अधिकृत अभिनाश झाले आवेदन अपेक्षाभन्दा तीनगुणा बढी आएकाले बजेटले नभ्याउने हुँदा हाललाई कार्यक्रम स्थगित गरिएको जानकारी दिनुभयो।

अधिकृत झाले भन्नुभयो, "मागअनुसार बजेट निकै कम छ। अब कसलाई वितरण गर्ने र कसलाई नगर्ने भन्ने दोधारमा छौं, त्यसैले यस कार्यक्रमका लागि सङ्घीय सरकारसँग थप सहयोग माग्ने योजना रहेकाले हालका लागि स्थगित गरिएको छ।"

एउटा स्यालो ट्युबवेल जडान गर्न एक लाखदेखि तीन लाख रुपैयाँसम्म खर्च लाग्ने अनुमान गरिएको छ। ट्युबवेलमा सौर्य ऊर्जा प्रणाली जडान गर्दा थप लागत लाग्छ भने पानीको सतह कति छ भन्ने कुराले पनि खर्च निर्धारण गर्छ।

# जापानिज इन्सेफलाइटिस्बाट ११ जनाको मृत्यु

काठमाडौँ, ४ भदौ (रासस)।

जापानिज इन्सेफलाइटिस्बाट सन् २०२५ को हालसम्म ११ जनाको निधन भएको छ। स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखा, बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा अभियान गौतमले हालसम्म ६३ जनामा जापानिज इन्सेफलाइटिस् देखिएको र ११ जनाको मृत्यु भइसकेको बताउनुभयो।

उहाँका अनुसार तेह्रथुम, बारा, मोरङ, झापा, नवलपराली पश्चिम, कैलाली, प्युठान र अर्घाखाँचीका एक/एक जना तथा चितवन तीन जनाको मृत्यु भएको छ। मृत्यु भएकामध्ये आठ वर्षका एक जना, १७ वर्षका एक जना र ४० वर्षभन्दामाथिका नौ जना रहेका छन्।

शाखा प्रमुख डा गौतमका अनुसार घरमा नै रहेका ३० प्रतिशत र अस्पताल जाँदाजाँदै २७ प्रतिशतमको मृत्यु भएको छ। सन् २०२४ मा जापानिज इन्सेफलाइटिस्बाट २५ जनाको निधन भएको थियो भने ८६ जनामा सङ्क्रमण भएको थियो।

उहाँले जापानिज इन्सेफलाइटिस् खोप नलगाएकाहरूमा धेरै सङ्क्रमण देखिएको बताउनुभयो। "हालसम्म २४ जिल्लामा ५० वटा स्थानीय तहमा यसको देखिएको छ। २४ वटा स्थानीय तहलाई उच्च जोखिमको रूपमा लिइएको छ। यो रोग विशेषगरी साउनदेखि कात्तिकसम्म बढी देखिन्छ", डा गौतमले भन्नुभयो।

उहाँका अनुसार नेपालमा ८२ प्रतिशत बालबालिकालाई जापानिज इन्सेफलाइटिसविरुद्धको खोप लगाई सकिएको छ।

**कसरी सर्दछ**

चिकित्सकहरूका अनुसार जापानिज इन्सेफलाइटिस् मस्तिष्कमा सङ्क्रमण हुने क्युलेक्स प्रजातिको लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको गम्भीर रोग हो। यो लामखुट्टे साँझपख तथा झिसमिसे बिहानीको समयमा बढी सक्रिय हुने गर्दछ। धानबाली, दलदल र पानी जम्ने स्थान लामखुट्टेको लागि उपयुक्त प्रजननस्थल भएकाले यस्ता क्षेत्रमा सङ्क्रमणको जोखिम बढी हुने गरेको बताइन्छ।

जापानिज इन्सेफलाइटिस् गम्भीर अवस्थामा पुग्यो भने मस्तिष्क सुन्निने, पक्षाघात हुने, बेहोस हुने, कोमामा जाने वा ३० प्रतिशतसम्मको मृत्युसमेत हुनसक्ने डा गौतमले बताउनुभयो। यो रोग जुनसुकै उमेरका मानिसलाई लाग्न सक्ने भए पनि धेरैजसो १५ वर्षमुनिका बालबालिकामा देखिने गर्दछ।

यो रोग सङ्क्रमित हाँस, कुखुराजस्ता चराचुरुङ्गी र सुँगर-बङ्गुरजस्ता जनावरलाई टोकेका सङ्क्रमित लामखुट्टेले मानिसलाई टोकेमा सर्ने गर्दछ। यो रोग मानिसबाट मानिसमा भने सर्दैन।

*ज्येष्ठ नागरिक...*

त्यसैगरी, सरकारले तोकेको स्वास्थ्य संस्थाले सरकारले तोकेको सङ्ख्यामा ज्येष्ठ नागरिकले त्यस्तो संस्थामा उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा ५० प्रतिशत छुट दिनुपर्ने पनि कानुनमा उल्लेख छ।

सांसद युवराज शर्माले भन्नुभयो, "यदि बाबुले कमाएको सम्पत्तिमा छोराको हक हुन्छ भने छोराले कमाएको सम्पत्तिमा पनि बाबुको हक हुने कानुनी व्यवस्था गर्नुपर्छ।"

सामाजिक सेवा एकाइ कार्यक्रम सञ्चालन भएका ७७ जिल्लाका ९४ वटा अस्पतालबाट ज्येष्ठ नागरिकका लागि निःशुल्क तथा आंशिक रूपमा अस्पतालले तोकिएको स्वास्थ्य सेवा उपलब्ध हुने व्यवस्था गरेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले जनाएको छ।

मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेतले ज्येष्ठ नागरिक १६ लाख ६० हजार ३७०, दलित ज्येष्ठ नागरिक एक लाख ६१ हजार ८२५, एकल महिला ज्येष्ठ नागरिक एक लाख ७३ हजार ५६० र अन्य ज्येष्ठ नागरिक १७ हजार १५९ तोकिएको सामाजिक सुरक्षा भत्ताबाट लाभान्वित भएका जानकारी दिनुभयो।

# सिरहामा आधाभन्दा बढी 'डिप बोरिङ' संचालनमा आउन सकेनन्

सिरहा, ४ भदौ (रासस)।

जिल्लामा सिँचाइका लागि गाडिएका चार सय ३३ वटा डिप बोरिङमध्ये आधाभन्दा बढी हालसम्म सञ्चालनमा आउन सकेका छैनन्। कृषि ज्ञान केन्द्रका अनुसार प्राविधिक संरचना, विद्युत् ट्रान्सफर्मर, पाइपलाइनको अभाव र स्थानीय समिति गठनमा चासो नहुनुजस्ता प्रमुख कारणले बोरिङ सञ्चालनमा आउन नसकेका हुन्।

केन्द्र प्रमुख नरेन्द्रकुमार महासेठले यहाँको गोलबजार नगरपालिकामा गाडिएका एक यस ५४ डिप बोरिङमध्ये ३२ वटा, धनगढीमाई नगरपालिकामा २४ मध्ये १७, भगवानपुर र नवराजपुर गाउँपालिकामा सात-सात वटा बोरिङमध्ये पाँच-पाँच, कर्जन्हा नगरपालिकामा २८ मध्ये १६, विष्णुपुर गाउँपालिकामा पाँचमध्ये तीन र सखुवानन्कारकटी गाउँपालिकामा १० वटामध्ये एउटासमेत सञ्चालनमा नआएको बताउनुभयो।

यस्तै, बरियारपट्टी गाउँपालिकामा १७ मध्ये १०, मिर्चैया नगरपालिकामा ३३ मध्ये २४, अर्नमा गाउँपालिकामा १५ मध्ये १४, सिराहा नगरपालिकामा २६ मध्ये १५, कल्याणपुरमा एक, लक्ष्मीपुर पतारीमा २१ मध्ये सबै, सुखीपुरमा १० र नरहा गाउँपालिकामा ४१ मध्ये ३२ वटा सञ्चालनमा आउन सकेका छैनन्। लहान नगरपालिकामा पनि १६ मध्ये १३ वटा बोरिङ सञ्चालनमा आउन सकेका छैनन्।

"कतिपय पालिकामा डिप बोरिङ जडान भएको ३० वर्ष नै पुगिसकेको छ, तर अझैसम्म विद्युतीकरण, पाइपलाइन विस्तार र समिति गठन गरिएको छैन। त्यसै कारण बोरिङ सञ्चालनमा छैनन्", केन्द्र प्रमुख महासेठले भन्नुभयो।

सरकारले मधेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गर्दै सिँचाइको दीर्घकालीन समाधानस्वरूप पाँच सय डिप बोरिङ जडान गर्ने घोषणा गरेको छ। सिरहामा भने बगितमा गाडिएका बोरिङमध्ये करिब ६० प्रतिशत सञ्चालन हुनसकेका छैनन्।

स्थानीय किसान तथा सरोकार भएकाहरू जिल्लाभर करोडौं खर्चेर जडान भएका बोरिङ सञ्चालनमा जोड दिनुपर्ने र सरकारको घोषणाअनुसार आवश्यक ठाउँमा नयाँ जडान गर्नुपर्ने बताउँछन्।

# राजनीतिक प्रतिशोधको मानसिकता स्पष्ट भएको संघीय लोकतान्त्रिक मोर्चाको ठहर



**दैनिक समाचारदाता**
**राजविराज, ४ भदौ।**

संघीय लोकतान्त्रिक मोर्चाको बुधबार बसेको बैठकले गौर घटना सम्बन्धमा एकपक्षिय र पूर्वाग्रहले प्रेरित भई एक पक्षिय रूपमा तथ्यलाई तोडफोड गरी प्रचारित गर्ने, व्यक्ति केन्द्रित दुष्प्रचार चलाउने खेलहरु भइरहेकोप्रति राजनीतिक प्रतिशोधको मानसिकता स्पष्ट भएको ठहर गर्दै सो कार्यको निन्दा गरेको छ।

जनता प्रगतिशील पार्टीको अध्यक्ष हृदयेश त्रिपाठीको अध्यक्षतामा उनकै पार्टी कार्यालयमा बसेको उक्त बैठकले उक्त निन्दा गर्दै परमादेशको पूर्ण पाठ प्राप्त भइनसकेको भए पनि यदि भनिए जस्तो छानबीन वा अनुसन्धान सफा नियत, तटस्थता, कानूनसम्मत र सम्बन्धित सबैलाई दायरामा ल्याएर गरिन्छ भने यस्तो छानबीन र अनुसन्धानप्रति कसैको आपत्ति नहुने प्रष्ट समेत पारेको छ।

बैठकले २०६३ साल चैत्र ७ गते रौतहटको गौरमा राजनीतिक विवाद र त्यसपछि भएको भिडन्तको कारण घटित दुखद घटनाको छानबीनको सम्बन्धमा २०८२ भाद्र २ गते सर्वोच्च अदालतबाट भएको परमादेशबारे संघिय लोकतान्त्रिक मोर्चाको ध्यानाकर्षण भएको जनाएको छ।

बैठकपछी जारि विज्ञप्तिमा गौरको त्यो दुखद घटनापछि सरकारद्वारा नै २०६३/१२/८ मा गठित ललितपुर पुनरावेदन अदालतका न्यायाधिश हरिप्रसाद घिमिरेको नेतृत्वको छानबीन आयोग तथा सर्वोच्च अदालतका तत्कालिन न्यायाधिश खिलराज रेग्मीको नेतृत्वको छानबीन आयोगको रिपोर्ट सार्वजनिक नगरेको जनाइएको छ।

सोही विज्ञप्तिमा "तीन वर्ष अघि राष्ट्रिय मानव अधिकार आयोगबाट आएको प्रतिवेदनमा त्यस्तो दुखद घटना के कस्तो अवस्थामा घटित हुन गएको, त्यस्तो अवस्थाको सृजना कसको गैरजिम्मेवारीपन र निहुँ खोज्ने नियोजित मानसिकताले भएको, हिंसात्मक प्रहारको शुरुवात कसले गरेको, शान्ति सुरक्षाको निमित्त जिम्मेवार जिल्ला र केन्द्रीय निकायको जानाजान हेलचक्राइ जस्ता तथ्यहरु स्पष्टसंग उल्लेखित छन्। संघिय लोकतान्त्रिक मोर्चा यी सबै तथ्यगत विषयवस्तुमा आधारित रहेर निष्पक्ष, तटस्थ, वास्तविकतामा आधारित अनुसन्धानको पक्षमा छ। तर, एकपक्षीय, राजनीतिक प्रतिशोधी, पूर्वाग्रही र विभेदी मानसिकताले गरिने कुनै पनि कारबाहीको सशक्त प्रतिकार हुने सम्बन्धित सबैमा स्पष्ट गर्दछौं।" उल्लेख छ।

त्यस्तै सोही बैठकले रूपन्देही क्षेत्र न.३ को उपनिर्वाचन प्रयोजनको लागी संघीय लोकतान्त्रिक मोर्चाले साविकमा गरेकै निर्णय प्रती पुनः प्रतिबद्धता जनाउदै नागरिक उन्मुक्ती पार्टीक संरक्षक रेशम चौधरीलाई उम्मेदवार निश्चय गर्न जिम्मेवारी दिईएको र उक्त निर्वाचन प्रचार प्रसार तथा परिचालनका लागी मोर्चा सचिवालयलाई विशेष जिम्मेवारी दिईएको उल्लेख छ।

बैठकमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, राम कुमार शर्मा, मनिष सुमन, रामुपा नेपालकातर्फबाट राजेन्द्र महतो, राम नरेश राय, केशव झा, अनिल महासेठ, लोसपा नेपालका तर्फबाट सर्वेन्द्रनाथ शुक्ल, ज्ञानेन्द्र झा, अजय झा, मो. इस्लाम, नाउपाका रेशम लाल चौधरी, जप्रपा नेपालका हृदयेश त्रिपाठी, प्रशान्त ठाकुर, उपेन्द्र उपाध्याय, तमलोपाका वृषेश चन्द्र लालको सहभागिता रहेको थियो।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*